मधेश प्रदेश सरकार

# शिक्षा तथा संस्कृति मन्त्रालय

जनकपुरधाम, धनुषा, नेपाल

# मधेश प्रदेश शिक्षा नीति, २०८१

मधेश प्रदेश सरकार, मन्त्रिपरिषदबाट स्वीकृत मिति २०८१/११/१२

१. पृष्ठभूमि

का. मु. प्रमुख सचिव

नेपालको संविधानले प्रत्येक नेपाली नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने अधिकार सुनिश्चित गरेको छ। संविधानको भाग ३ को मौलिक हक र कर्तव्यसम्बन्धी व्यवस्थाको धारा ३१ मा शिक्षासम्बन्धी पाँच ओटा मौलिक हकको व्यवस्था गरिएको छ । यसै गरी धारा ३८ को महिलाको हकसम्बन्धी उपधारा ५, धारा ३९ को बालबालिकाको हकसम्बन्धी उपधारा २, ३, ७ र ९, धारा ४० को दलितको हकसम्बन्धी उपधारा २, धारा ४२ को सामाजिक न्यायको हकसम्बन्धी उपधारा २ र ५ मा पनि विभिन्न लक्षित समूहका लागि शिक्षासम्बन्धी विशेष व्यवस्था गरिएको छ ।त्यस्तै धारा ५१ मा राज्यका नीतिहरू अन्तर्गतको (ज) मा नागरिकको आधारभूत आवश्यकतासम्बन्धी नीति अन्तर्गत (१) शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्याँवसायिक, सीपमूलक, रोजगारमूलक एवम् जनमुखी बनाउँदै सक्षम, प्रतिष्पर्धी, नैतिक एवम् राष्ट्रिय हितप्रति समर्पित जनशक्ति तयार गर्ने, (२) शिक्षा क्षेत्रमा राज्यको लगानी अभिवृद्धि गर्दै नीजि क्षेत्रको लगानीलाई नियमन र व्यवस्थापन गरी सेवामूलक बनाउने, (३) उच्च शिक्षालाई सहज, गुणस्तरीय, अनुसन्धानमा आधारित, पहुँचयोग्य बनाई क्रमशः निःशुल्क बनाउँदै लैजाने र (४) नागरिकलाई व्यक्तित्व विकासका लागि सामुदायिक सूचना केन्द्र र पुस्तकालयको स्थापना र प्रवर्द्धन गर्ने लक्ष्य राखिएको छ ।

मुलुकको संघीय पुनर्संरचना अनुसार शिक्षासम्बन्धी काम, कर्तव्य र अधिकार पनि संघ, प्रदेश र स्थानीय तह गरी तीनै तहमा बाँडफाँड गरिएको छ । नेपालको संविधानको अनुसूची-६ ले प्रदेश विश्वविद्यालय, उच्च शिक्षा, पुस्तकालय तथा संग्रहालयलाई प्रदेश तहको एकल अधिकार अन्तर्गत राखेको छ भने अनुसूची-८ ले विद्यालय शिक्षा (आधारभूत तथा माध्यमिक शिक्षा) सेवा प्रवाहको मुख्य दायित्व स्थानीय तहमा विकेन्द्रित गरेको छ । त्यसैगरी अनुसूची-९ ले शिक्षालाई तीनै तहको साझा अधिकारको रूपमा लिएको छ । नेपाल सरकारको कार्य विस्तृतीकरण प्रतिवेदनले शिक्षासम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड, विद्यालय तह र प्राविधिक शिक्षाको प्रादेशिक पाठ्यक्रम/पाठ्यपुस्तक, शिक्षकको पेशागत विकास, माध्यमिक तहको परीक्षा व्यवस्थापनलगायतका कार्यहरू प्रदेश अन्तर्गत राखेको छ । संविधानले शिक्षासम्बन्धी काम, कर्तव्य र अधिकारको बाँडफाँड गर्ने क्रममा तीनै तहका बीच समन्वय, सहकार्य र सहअस्तित्वलाई विशेष जोड दिएको छ।



मधेश प्रदेश सरकार शिक्षा तथा संस्कृति मन्त्रालय जनकपुरधाम, नेपाल

नि. प्रदेश सचिव

का. मु. प्रमुख सचिव

संविधान जारी भएपश्चात संघीय सरकारले शिक्षाको विकास तथा सेवा प्रवाहको मार्गदर्शनका लागि विभिन्न ऐन, कानुन तथा नीतिहरू पारित गरेको छ । यसै क्रममा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, अनिवार्य तथा नि:शुल्क शिक्षा ऐन, २०७५ तथा नियमावली, २०७७, राष्ट्रिय शिक्षानीति, २०७६ र विद्यालय शिक्षासम्बन्धी विद्यमान ऐन कानुन कार्यान्वयनमा छन् । नेपाल सरकारले अन्तर्राष्ट्रिय स्तरमा प्रतिबद्धता जाहेर गरेको दिगो विकास लक्ष्य-२०३० (विशेष गरी शिक्षासम्बन्धी लक्ष्य ४), विद्यालय शिक्षा क्षेत्र योजना (२०७९/८०-२०८९/९०) तथा सोह्रौं पञ्चवर्षिय योजना (२०८१/८२-२०८५/८६) ले प्राथमिकतामा राखेका शिक्षासम्बन्धी नीति, कार्यक्रम तथा लक्ष्यलाई आत्मसात गरी संघीय संरचना अनुरूप शिक्षा क्षेत्रको विकासलाई दिशानिर्देश गर्न सबै तहमा शिक्षासम्बन्धी उचित नीति तथा योजनाको निर्माण गर्न आवश्यक देखिएको छ ।नेपाललाई सन् २०२६ सम्ममा विकासशील देशमा स्तरोन्नति गर्ने र सन् २०३० सम्ममा दिगो विकासको लक्ष्य हासिल गर्दै मध्यम स्तरको आय भएको मुलुकमा स्तरोन्नति गर्नमा शिक्षाको भूमिका सबैभन्दा महत्त्वपूर्ण छ ।

स्थापनाकाल देखि नै मधेश प्रदेश सरकारले वार्षिक नीति तथा कार्यक्रम र आवधिक योजनामार्फत शिक्षामा विभिन्न कार्यक्रमहरू गर्दै आएको छ, जसका लागि प्रदेशको कूल वार्षिक बजेटको ६ प्रतिशत जति विनियोजित हुँदै आएको छ । यस अन्तर्गत शिक्षामा छोरीहरूको पहुँच बृद्धिको लागि ***"मुख्यमन्त्री बेटी पढाऊ, बेटी बचाऊ"*** कार्यक्रम,, विद्यालय नर्स कार्यक्रम, पूर्वाधार विकास, खानेपानी तथा सरसफाइ कार्यक्रम, अभिभावक शिक्षा तथा प्राविधिक धार सञ्चालित विद्यालय कार्यक्रम, स्थानीय तहबाट भएका प्रयास तथा असल अभ्यासहरूको आदान-प्रदान जस्ता कार्यक्रमहरू सञ्चालन भएका छन् । आर्थिक वर्ष २०८०/८१ को अन्त्यसम्म १४,४५३ छोरीहरूको बीमा गरिएको, विभिन्न विद्यालयमा विज्ञान, प्रविधि, इन्जिनियरिङ्ग र गणित शिक्षासम्बन्धी क्रियाकलाप सञ्चालन गरिएको, केही सामुदायिक क्याम्पसहरूको पूर्वाधार निर्माण गरिएको र छोरीहरूको पढाइमा सहयोग गर्न ३७ हजार ३५४ साइकल वितरण गरीसकिएको छ । हाल तर्जुमा भइरहेको मधेश प्रदेशको दोस्रो पञ्चवर्षीय आवधिक योजना (२०८१/८२-२०८५/८६) ले शिक्षालाई मधेश प्रदेशको समृद्धिको प्रमुख आधारस्तम्भको रूपमा लिएको छ, जसमा उल्लेखित लक्ष्य, नीति तथा कार्यनीतिहरू यस शिक्षा नीतिमा सघन रूपमा प्रतिबिम्वित रहेका छन् ।

मधेश प्रदेश सरकार
शिक्षा तथा संस्कृति मन्त्रालय
जनकपुरधाम, नेपाल



नि. प्रदेश सचिव

का. मु. प्रमुख सचिव

नेपालको संघीय संरचना अन्तर्गत प्रदेशहरूलाई शक्ति हस्तान्तरण सँगै मधेश प्रदेशको शैक्षिक आवश्यकता र आकांक्षाहरूलाई सम्बोधन गर्ने प्रादेशिक शिक्षा नीतिको तत्काल आवश्यकता छ । शिक्षाका विभिन्न तहबीच अन्योन्याश्रित सम्बन्ध रहेको परिप्रेक्ष्यमा मधेश प्रदेशमा विद्यमान विभिन्न शैक्षिक समस्याहरूलाई समाधान गर्दै सबैका लागि गुणस्तरीय शिक्षाको अवसर सुनिश्चित गरी मानव संसाधनको विकासबाट उपलब्ध स्रोत, साधन र अवसरहरूको उचित परिचालन गरेर समृद्ध र समुन्नत मधेश प्रदेश निर्माण गर्नका निमित्त मधेश प्रदेश सरकार, शिक्षा तथा संस्कृति मन्त्रालयले सहभागितामूलक समावेशी प्रक्रिया अबलम्वन गरी यो शिक्षा नीति निर्माण गरेको हो । यस नीतिले प्रदेशका प्रत्येक बालबालिका र युवालाई आफ्नो पूर्ण क्षमता हासिल गर्न अवसर सुनिश्चित गर्ने समावेशी शिक्षा प्रणालीलाई प्रवर्द्धन गर्ने लक्ष्य राखेको छ । यस बाहेक यस शिक्षा नीतिले दिगो विकास लक्ष्यहरू (विशेष गरी लक्ष्य नं. ४), समावेशी र समतामूलक गुणस्तरीय शिक्षा सुनिश्चित गर्न र सबैका लागि जीवनपर्यन्त सिकाइका अवसरहरू प्रबर्द्धन गर्न खोज्ने राष्ट्रिय र अन्तर्राष्ट्रिय प्रतिबद्धताहरूसँग सामञ्जस्यता राखेको छ । यो नीतिले विद्यालय शिक्षा क्षेत्र योजना र बृहत् संघीय शिक्षा ढाँचामा उल्लिखित नेपालका शिक्षाका राष्ट्रिय लक्ष्यहरू पनि प्रतिबिम्बित गर्दछ । मधेश प्रदेश अन्तर्गतका सबै स्थानीय तह र संघीय सरकारसँगको दिगो सहकार्य तथा समन्वयमा यो नीति कार्यान्वयन गरिनेछ ।

## २. मधेश प्रदेशको वर्तमान शैक्षिक अवस्था

नेपालको दक्षिण भेगमा अवस्थित मधेश प्रदेश सांस्कृतिक, सामाजिक र आर्थिक विविधतायुक्त क्षेत्र हो । नेपालका सात प्रदेशमध्ये समृद्ध सांस्कृतिक सम्पदा र कृषि तथा औद्योगिकीकरण मधेश प्रदेशका प्रमुख विशेषता हुन् ।विभिन्न जातीय समूहहरू समावेश भएको तथा सघन जनसंख्या भएको मधेश प्रदेश भाषिक, धार्मिक र सांस्कृतिक पहिचानहरूको विस्तृत श्रृंखलाको घर हो । यो विविधता यस प्रदेशको शिक्षा क्षेत्रमा पनि प्रतिबिम्बित हुन्छ, जहाँ गुणस्तरीय शिक्षाको पहुँच विभिन्न जिल्ला र समुदायहरूमा फरक फरक रहेको छ । मधेशको शैक्षिक इतिहास गर्विलो छ । मधेश प्रदेश नेपालको शिक्षाको उद्गम स्थल हो, जहाँ देशकै सबैभन्दा पुराना शैक्षिक संस्थाहरू स्थापना तथा सञ्चालन भएका छन् भने देशैभरी गणित, विज्ञान, अंग्रेजी जस्ता विषयका योग्य र दक्ष शिक्षक जनशक्ति मधेश प्रदेशले उपलब्ध गराउँदै आएको छ । यद्यपि मधेश प्रदेशले ऐतिहासिक रूपमा जातीय, क्षेत्रीय तथा भाषिक लगायतका विभिन्न किसिमका विभेद भोग्दै आएको छ, जसको प्रत्यक्ष



नि. प्रदेश सचिव

का. मु. प्रमुख सचिव

असर यहाँको शिक्षामा देख्न सकिन्छ । विगतको तुलनामा उल्लेखनीय प्रगति भएता पनि मधेश प्रदेशले शैक्षिक परिदृश्यमा पहुँच तथा गुणस्तरमा असमानता लगायतका थुप्रै चुनौतीहरूको सामना गरिरहेको छ । हालका वर्षहरूमा शिक्षाका राष्ट्रिय सूचकहरू (पहुँच, समता, सक्षमता, गुणस्तर) मा मधेश प्रदेशको अवस्था अन्य प्रदेशको तुलनामा सन्तोषजनक छैन र यसभित्र पनि लैङ्गिक तथा जातीय असमानता व्याप्त छ ।

साक्षरताको हकमा, वि.सं. २०७८ को जनगणना अनसुार नेपालको साक्षरता ७६.३ प्रतिशत रहेको छ, जसमा पुरुषको साक्षरता ८३.६ र महिलाको साक्षरता ६९.४ प्रतिशत रहेको छ । यसको तुलनामा मधेश प्रदेशको कुल साक्षरता प्रतिशत जम्मा ६३.५ रहेको छ, जसमा पुरुषको ७२.५ प्रतिशत र महिलाको ५४.७ प्रतिशत रहेको छ ।

संघीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको फ्ल्यास् रिपोर्ट २०८०/०८१ अनुसार मधेशमा आधारभूत तह कक्षा १-८) को खुद भर्ना दर ९४.६ र माध्यमिक तह (कक्षा ९-१२) को खुद भर्ना दर ५१.३ प्रतिशत रहेको छ । विद्यालय शिक्षाका सबै तहमा (खास गरी प्रारम्भिक कक्षाहरूमा) दोहोर्याउने तथा विद्यालय छाड्ने दर उच्च छ । यस प्रदेशमा ७५४ ओटा संस्थागत विद्यालय सहित कुल ४,६६९ विद्यालयहरू रहेका छन् । विद्यालयमा भर्ना भएका कूल बालबालिकामध्ये आधारभूत तहमा २१ प्रतिशत र माध्यमिक तहमा १६.४ प्रतिशत बालबालिकाहरु संस्थागत विद्यालयमा पढिरहेका छन् । प्राविधिक शिक्षा तर्फ मधेश प्रदेशका ९१ ओटा सामुदायिक विद्यालयहरूमा प्राविधिक शिक्षा कार्यक्रम सञ्चालन भई रहेका छन्। उच्च शिक्षाको लागि मधेश प्रदेशमा राजर्षिजनक विश्वविद्यालय, मधेश विश्वविद्यालय, मधेश कृषि विश्वविद्यालय र मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान रहेका छन् भने विभिन्न विश्वविद्यालय अन्तर्गतका १२३ ओटा आंगिक र सम्बन्धन प्राप्त क्याम्पसहरू सञ्चालनमा छन्। उच्च शिक्षामा मधेशमा प्रादेशिक स्तरमा तीनओटा उच्च शैक्षिक संस्थाहरू स्थापना भएका छन् । प्रदेश विश्वविद्यालयका रूपमा मधेश विश्वविद्यालय, वीरगंजमा सञ्चालनमा रहेको छ, जसमा बिए.एल.एल.बि. र बि.पि.ए. लगायतका कक्षाहरू संचालनमा रहेका छन्, मधेश कृषि विश्वविद्यालय, राजविराजमा संचालनमा रहेको छ, जसमा कृषि सम्बन्धी विषयहरु संचालनमा रहेका छन् भने मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान, जनकपुरधाममा MBBS र MD लगायतका कार्यक्रमहरु संचालनमा रहेका छन् ।

मधेश प्रदेश सरकार शिक्षा तथा संस्कृति मन्त्रालय जनकपुरधाम, नेपाल



नि. प्रदेश सचिव

का. मु. प्रमुख सचिव

३. शिक्षाका मुख्य समस्या तथा चूनौतिहरू

शिक्षाका अधिकांश सूचकहरूमा मधेशको अवस्था अन्य प्रदेशका तुलनामा कमजोर छ । शिक्षामा सबैलाई समान अवसर दिइए पनि सबै बालबालिका यसबाट लाभान्वित हुन सकेका छैनन् । भर्नादर तथा आन्तरिक सक्षमता सम्बन्धी शिक्षाका प्रमुख कार्यसम्पादन सूचकमा लैङ्गिक तथा जातीय असमानता छ । आधारभूत तथा माध्यमिक शिक्षा पूरा नगरी विद्यालय छाड्ने दर उच्च छ भने विद्यालय शिक्षामा विद्यालय बाहिर रहेका बालबालिकाको संख्या मधेश प्रदेशमा सबै भन्दा बढी छ। शिक्षण सिकाइका लागि आवश्यक पर्ने आधारभूत भौतिक तथा शैक्षिक पूर्वाधार (कक्षाकोठा, शौचालय, खानेपानी, आदि) भएका शैक्षिक संस्थाहरूको संख्या पर्याप्त छैन । विभिन्न किसिमका अपाङ्गता भएका बालबालिकाका लागि समावेशी शिक्षाको उचित व्यवस्था हुन सकेको छैन । विद्यालयहरूमा विद्यालय व्यवस्थापन समिति, शिक्षक, अभिभावक संघ, बालक्लब लगायतका सहयोगी संरचनाहरू राजनीतिक हस्तक्षेप लगायतका विभिन्न कारणले समयमै गठन हुन नसक्नाले शैक्षिक संस्थाहरूको व्यवस्थापनमा अतिरिक्त चूनौति थपिएका छन् । सरकारी अनुदानबाट सञ्चालित छात्रवृत्ति र दिवाखाजा कार्यक्रमहरू प्रभावकारी हुन नसक्नु, शिक्षकहरूले समयमै सेवा-सुविधा पाउन नसक्नु र बालविवाह, बालश्रम, लागु औषध दुर्व्यसन र यौनजन्य हिंसा यहाँका मुख्य समस्याका रुपमा रहेका छन् ।

विद्यालय शिक्षामा शिक्षक व्यवस्थापन प्रभावकारी हुन सकेको छैन ।आवश्यकताअनुसार शिक्षक दरबन्दी उपलब्ध नहुनाले मधेश प्रदेशमा शिक्षक विद्यार्थी अनुपात राष्ट्रिय औसतभन्दा निकै बढी छ, जुन समस्या माध्यमिक शिक्षामा अझ बढी छ । दरबन्दी अपुग हुनाले विद्यार्थीको सिकाइ उपलब्धिलाई अपेक्षित सुधार गर्न सकिएको छैन । उच्च शिक्षामा विज्ञान तथा प्रविधिसम्बन्धी विषय पढाउने शैक्षिक संस्थाको संख्या तथा तिनमा विद्यार्थी भर्ना न्यून छ ।उच्च शैक्षिक संस्थाहरूमा स्नातकोत्तर भन्दा माथिल्लो तहका कार्यक्रमहरू सञ्चालन हुन सकेका छैनन् । साथै प्राविधिक तथा उच्च शिक्षामा माग अनुसार अवसर बढाउन सकिएको छैन र यसलाई मधेशको अर्थतन्त्र, बजारको आवश्यकता र रोजगारीसँग जोड्न सकिएको छैन । विद्यालय तथा विद्यार्थी संख्याको आधारमा स्थानीय तहहरूको शिक्षा शाखा/महाशाखामा कार्यरत दरबन्दी न्यून छ, हाल उपलब्ध दरबन्दी पनि समयमै पदपूर्ति हुन सकेको छैन र स्थानीय तहहरूको शिक्षा सेवा प्रवाह गर्ने क्षमतामा अपेक्षित सुधार हुन सकेको छैन । उच्च शिक्षा तर्फ विश्वविद्यालयहरु नयाँ भएको हुँदा भौतिक पूर्वाधार,

मधेश प्रदेश सरकार शिक्षा तथा संस्कृति मन्त्रालय जनकपुरधाम, नेपाल



नि. प्रदेश सचिव

का. मु. प्रमुख सचिव

मानव संसाधन, विद्यार्थी संख्या, आर्थिक अवस्था लगायतका विषय वस्तुहरु कमजोर रहेकोले सुधार गर्नुपर्ने देखिन्छ ।

## ४. शिक्षामा अवसरहरू

मधेश प्रदेशको शैक्षिक विकासमा विभिन्न चुनौतीहरुका बाबजुद महत्त्वपूर्ण अवसरहरू रहेका छन् । नेपालको संघीय पुनर्सरचनाले प्रदेशलाई शिक्षा नीति निर्माण गर्ने अधिकार दिएको छ । संघीयताले मधेश प्रदेशको शैक्षिक वैभवलाई पुनर्उत्थान गर्ने, शिक्षा प्रणालीमा रहेको खाडललाई सम्बोधन गर्ने, शिक्षालाई श्रम तथा रोजगारीसँग आवद्ध गराउने, उच्च शिक्षामा नयाँ कार्यक्रम सञ्चालन गर्ने र प्रदेशको सामाजिक-आर्थिक यथार्थलाई प्रतिबिम्बित गर्ने ऐतिहासिक अवसर प्रदान गरेको छ । यसका साथै शिक्षालाई मधेशको समृद्धिका निम्ति उपयोग गर्ने बाटो पनि खुला गरेको छ। संघीय संरचनामा शिक्षासम्बन्धी अधिकारको बाँडफाँडमा केही अस्पष्टता तथा अन्यौलता देखा पर्दै गर्दा तथा संघीय तहमा शिक्षासम्बन्धी आवश्यक कानून र नीति निर्माणमा ढिलासुस्ती भइरहेको सन्दर्भमा पनि प्रदेशले आफ्नै शिक्षा नीति तर्जुमा गरी शैक्षिक रूपान्तरण मार्फत मधेश प्रदेश माथि थोपरिएका ऐतिहासिक विभेदहरूलाई सम्बोधन गर्ने सुवर्ण अवसर जुराएको छ ।

## ५. शिक्षासम्बन्धी मधेश प्रदेशको मार्गनिर्देशक सिद्धान्त, दीर्घकालीन सोच तथा लक्ष्य

मधेशको ऐतिहासिक वैभव, सभ्यता र संस्कृतिको जगेर्ना गर्दै मधेश प्रदेशलाई समतामूलक, गतिशील र समृद्ध समाजमा रूपान्तरण गर्नका लागि यस नीतिले शिक्षाका सबै तहमा आमूल परिवर्तन गर्ने परिकल्पना गरेको छ ।यस नीतिले प्रदेशका प्रत्येक बालबालिका र युवाहरूको गुणस्तरीय शिक्षामा सहभागिता सुनिश्चित गर्दै आफ्नोपूर्ण क्षमता हासिल गर्ने अवसर प्रवर्द्धन गर्ने लक्ष्य राखेको छ । यस नीतिका मार्गनिर्देशक सिद्धान्त निम्नानुसार रहेका छन् :

(क) **समावेशिताः** यस नीतिले सीमान्तकृत, पिछडिएका र जोखिममा परेका समूहहरूलाई प्राथमिकतामा राखेर शिक्षामा कोही पनि पछाडि नरहने कुरा सुनिश्चित गर्दछ । यसमा महिला, दलित, मुस्लिम, अल्पसंख्यक, सीमान्तकृत, अनाथ, विभिन्न अपाङ्गता भएका बालबालिका लगायतले शिक्षामा सामना गरिरहेका बाधाहरूलाई सम्बोधन गर्ने कार्यहरू समावेश छन् ।

(ख) **सान्दर्भिकताः** यस नीतिले मधेश प्रदेशको शिक्षा प्रणालीलाई स्थानीय सामाजिक-सांस्कृतिक सन्दर्भ र मधेशका जनताको वास्तविक यथार्थसँग तालमेल मिलाएर सिकाइ वातावरणको



नि. प्रदेश सचिव

का. मु. प्रमुख सचिव

निर्माण र कार्यान्वयनमा टेवा पुऱ्याउनेछ । स्थानीय इतिहास, संस्कृति र भाषाको ज्ञानलाई सशक्त बनाउने पाठ्यक्रमलाई बढावा दिइनेछ र विद्यार्थीहरूलाई राष्ट्रिय र विश्वव्यापी रूपमा प्रतिस्पर्धा गर्न सक्षम बनाइनेछ ।

(ग) **गुणस्तर, अनुसन्धान, नवीनता र उद्यमशीलताः** नीतिले उच्च गुणस्तरको शिक्षण-सिकाइलाई जोड दिँदै पाठ्यक्रम निर्माण, शिक्षण-सिकाइ विधि र सिकाइ उपलब्धी वृद्धि गर्नका लागि प्रविधिको प्रयोगमार्फत नवीनतालाई प्रोत्साहन गर्नेछ ।

(घ) अनुसन्धान, नवप्रवर्तन, उद्यमशीलता, सामाजिक उत्तरदायित्व र आजीवन सिकाइको संस्कृतिलाई बढावा दिँदै गुणस्तरीय शिक्षामा पहुँच सुनिश्चित गर्नेछ ।

(ङ) **समन्वय, सहकार्य र साझेदारिताः** शिक्षा प्रणालीको सुदृढीकरणमा तीनै तहका सरकार, निजी क्षेत्र, अभिभावक, नागरिक समाज र स्थानीय समुदायबीचको समन्वय र सहकार्यको महत्त्वलाई स्वीकार गर्दै नीतिले सबै तहमा सक्रिय सहभागिता र साझेदारीलाई प्रवर्द्धन गर्नेछ ।

**सोचः** शिक्षित ,सुसंस्कृत र आत्मनिर्भर जनशक्तिः मधेशको समृद्धि ।

**लक्ष्यः** ज्ञान, सीप र दक्षतायुक्त विश्वव्यापी रूपमा प्रतिस्पर्धी मानव पूँजीको निर्माण गर्ने।

६. उद्देश्यहरू

६.१. मधेश प्रदेशभित्र बसोवास गरिरहेका विद्यालय जाने उमेर समूहका प्रत्येक बालबालिकालाई प्रारम्भिक बालबिकास र शिक्षासहितको अनिवार्य र निःशुल्क आधारभूत शिक्षा तथा निःशुल्क माध्यमिक शिक्षामा समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्नु,

६.२. विद्यालय शिक्षाको गुणस्तर तथा सान्दर्भिकतामा वृद्धि गर्नु,

६.३. उच्च शिक्षामा समतामूलक पहुँच र सहभागिता वृद्धि गर्नु,

६.४. उच्च शिक्षाको गुणस्तर अभिवृद्धि गर्दै अनुसन्धानमूलक र रोजगारमूलक बनाउनु,

६.५. प्राविधिक शिक्षा र व्यवसायिक तालिमहरूको अवसर र गुणस्तर वृद्धि गर्नुतथा यस्ता कार्यक्रमलाई रोजगारमूलक बनाउनु,

६.६. शिक्षासँग आवद्ध सम्पूर्ण जनशक्तिको योग्यता, दक्षता, सक्षमता र सचेतना अभिवृद्धि गरी शैक्षिक सेवा प्रवाहलाई पारदर्शी, जवाफदेही र चुस्त बनाउनु,

मधेश प्रदेश सरकार शिक्षा तथा संस्कृति मन्त्रालय जनकपुरधाम, नेपाल



नि. प्रदेश सचिव

का. मु. प्रमुख सचिव

६.७. सम्पूर्ण मधेश प्रदेशबासीहरूलाई साक्षरता, जीवनपर्यन्त सिकाइ तथा सीप विकासका अवसर प्रदान गरी उत्पादकत्व बढाउनु ।

## ७. नीति तथा कार्यनीति

शिक्षाको मार्गनिर्देशक सिद्धान्त, दीर्घकालीन सोंच, लक्ष्य र उद्देश्यहरूको परिधिभित्र रही मधेश प्रदेशले देहाय बमोजिमका नीति तथा कार्यनीतिहरू अवलम्बन गर्नेछ । यस दस्तावेजमा उल्लेख भएका सान्दर्भिक विषयहरू संघीय तथा स्थानीय तहहरूसँगको समन्वय, सहकार्य र सहअस्तित्वमा कार्यान्वयन गरिनेछन् ।

### (क) प्रारम्भिक बालविकास शिक्षा, आधारभूत तथा माध्यमिक शिक्षा

**नीति ७.१ विद्यालय जाने उमेर समूहका सबै बालबालिकाका लागि विद्यालय शिक्षामा समानुपातिक पहुँच तथा सहभागिताका अवसर सुनिश्चित गरी वि.सं. २०८५ भित्र आधारभूत शिक्षालाई निःशुल्क र अनिवार्य बनाउने तथा माध्यमिक शिक्षालाई निःशुल्क बनाउने:**

७.१.१. विभिन्न अवस्था र कारणले नियमित विद्यालय जान नसक्ने तथा आधारभूत तहको शिक्षा पूरा नगरी बीचैमा विद्यालय छाडेका बालबालिकाहरूका लागि घुम्ती विद्यालय, रात्रीकालीन विद्यालय, खुला विद्यालय जस्ता बैकल्पिक विद्यालयमार्फत आधारभूत शिक्षाको प्रबन्ध गरिनेछ ।

७.१.२. मदरसा, गुरूकुल र विहारजस्ता धार्मिक शिक्षालयमार्फत दिइने शिक्षालाई मूलप्रवाहीकरण गरिनेछ । यस्ता शिक्षालयमा धार्मिक शिक्षासँगसँगै मूलप्रवाहको पाठ्यक्रम (स्थानीय पाठ्यक्रमसमेत) पनि पढाइने व्यवस्था मिलाइनेछ तथा तिनको नियमनका लागि स्थानीय तहलाई सहयोग गरिनेछ।

७.१.३. सबै बालबालिकाले प्रारम्भिक बालविकास शिक्षा र आधारभूत तहको शिक्षा प्राप्त गरेको सुनिश्चित गर्नका लागि अभिभावक सचेतना शिक्षा सञ्चालन गरिनेछ ।

७.१.४. सीमान्तकृत समूहका बालबालिकाहरूको विद्यालय भर्ना र निरन्तरता सुनिश्चित गर्नका लागि नागरिक समाज तथा विभिन्न स्थानीय संघसंस्थाहरूसँग सचेतना कार्यक्रम सञ्चालन गर्न स्थानीय सरकारसँग समन्वय तथा सहकार्य गरिनेछ ।

७.१.५. विद्यालय शिक्षा निःशुल्क गर्नका लागि स्थानीय सरकारहरूलाई प्रोत्साहन गरिनेछ ।

मधेश प्रदेश सरकार शिक्षा तथा संस्कृति मन्त्रालय जनकपुरधाम, नेपाल



नि. प्रदेश सचिव

का. मु. प्रमुख सचिव

नीति ७.२ मधेश प्रदेशभित्र सञ्चालित सबै प्रारम्भिक बालविकास केन्द्र, आधारभूत तथा माध्यमिक विद्यालयहरूमा गुणस्तरीय शिक्षण सिकाइका लागि आवश्यक पर्ने उत्थानशील न्यूनतम भौतिक तथा शैक्षिक पूर्वाधार सुनिश्चित गर्नेः

७.२.१. सबै प्रारम्भिक बालविकास केन्द्र, आधारभूत तथा माध्यमिक विद्यालयहरूमा गुणस्तरीय शिक्षण सिकाइका लागि आवश्यक पर्ने न्यूनतम भौतिक तथा शैक्षिक पूर्वाधार सम्बन्धी मापदण्ड तय गरिनेछ ।

७.२.२. यो नीति कार्यान्वयनमा आएको पहिलो वर्ष भित्र मधेश प्रदेश भित्र सञ्चालित सबै प्रकारका शैक्षिक संस्थाहरूको पूर्वाधार र शैक्षणिक परीक्षण (infrastructure and academic audit) गरिनेछ र सञ्चालनका लागि न्यूनतम मापदण्ड पूरा नगरेका शैक्षिक संस्थाहरूलाई सो पूरा गर्न प्रोत्साहन गरिनेछ । त्यसपछि हरेक ५ वर्षमा यस्तो परीक्षण गरिनेछ। शैक्षिक परीक्षणको न्यूनतम मापदण्डमा संस्थागत नीति, शिक्षण सिकाई, पूर्वाधारको प्रयोग, समुदायमा पहुँच, विज्ञान प्रविधिको प्रयोग, जवाफदेहिता, सामाजिक उत्तरदायित्व, वातावरणीय सचेतना, सामुदायिक साझेदारी, अनुसन्धानमा आधारित शिक्षण, उद्यमशीलता विकास, सीपमूलक शिक्षालाई सूचकको रुपमा प्रयोग गरिनेछ।

७.२.३. मधेश प्रदेश भित्र सञ्चालित सबै प्रारम्भिक बालविकास केन्द्रहरूमा बालबालिकाको सिकाइ तथा समग्र विकासका लागि आवश्यक पर्ने न्यूनतम तथा सुरक्षित मापदण्ड (योग्य र तालिम प्राप्त शिक्षक, बालमैत्री खानेपानीको सुविधा, साबुन र पानीसहितको शौचालय, धूलो र चिसोमुक्त बालमैत्री बसाइ व्यवस्थापन, तथा सिकाइका ६ क्षेत्र/कुना) पूरा भएको सुनिश्चित गरिनेछ ।

७.२.४. सबै आधारभूत तथा माध्यमिक विद्यालयहरूमा शिक्षण सिकाइ तथा अतिरिक्त क्रियाकलापका लागि आवश्यक पर्ने न्यूनतम तथा सुरक्षित भौतिक पूर्वाधार, शैक्षिक सामग्रीको उपलब्धता, योग्य तथा तालिम प्राप्त शिक्षकको व्यवस्था, बालमैत्री र समावेशी सिकाइ वातावरण सुनिश्चित गरिनेछ ।

७.२.५. शैक्षिक गुठी अन्तर्गत स्थापना र सञ्चालन भएका विद्यालयहरूलाई भौतिक तथा शैक्षिक पूर्वाधार विकासमा सहयोग गरिनेछ ।

मधेश प्रदेश सरकार शिक्षा तथा संस्कृति मन्त्रालय जनकपुरधाम, नेपाल



नि. प्रदेश सचिव

का. मु. प्रमुख सचिव

७.२.६. सुरक्षित तथा उत्थानशील विद्यालयको मापदण्ड अनुरूप सबै विद्यालयहरूलाई जलवायुमैत्री हरित विद्यालयमा रूपान्तरण गरिनेछ । अत्याधिक गर्मी र जाडोयाममा अनुकूल सिकाइ वातावरण निर्माण गर्नका लागि जस्तापाताको छानालाई उपयुक्त विकल्पले विस्थापित गरिनेछ । विद्यालयमा उत्पादन हुने विभिन्न प्रकारका फोहरलाई वातावरणमैत्री किसिमले विसर्जन गर्न प्रोत्साहन गरिनेछ ।

७.२.७. विद्यार्थीहरूलाई पोषणयुक्त खानामा पहुँच सुनिश्चित गर्न दिवा खाजा कार्यक्रम विस्तार गर्दै परिवारमा आर्थिक बोझ कम गर्न र उपस्थिति तथा नियमितता बृद्धि गर्ने कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

७.२.८. प्रदेशमा सञ्चालित विभिन्न स्वास्थ्य संस्थाहरूको सहकार्यमा विद्यालयमा वार्षिक रुपमा आधारभूत स्वास्थ्य परीक्षण कार्यक्रम सञ्चालन गरिनेछ र आवश्यकता अनुसार रेफरल (referral) तथा उपचारात्मक सेवा प्रदान गरिनेछ ।

७.२.९. विद्यार्थीहरूलाई श्रम बजारको लागि तयार पार्न माध्यमिक शिक्षामा सीप विकास र क्यारियर मार्गदर्शनमा केन्द्रित हुनेछ ।

७.२.१०. शिक्षक-विद्यार्थी अनुपातसम्बन्धी प्रादेशिक मापदण्ड निर्धारण गरी मधेश प्रदेशका सबै विद्यालयमा सो अनुरूप योग्य र दक्ष शिक्षक सङ्ख्या भएको सुनिश्चित गर्नेछ ।

७.२.११. संघीय सरकारसँग अपुग दरबन्दी माग गरी स्थानीय तहहरूसँगको समन्वय र सहकार्यमा विद्यार्थीको अनुपातमा शिक्षक दरबन्दी कायम गरिनेछ ।

७.२.१२. विद्यार्थीहरूले कमजोर नतिजा ल्याउने विषयहरूमा योग्य विषयगत शिक्षकहरूको कमीलाई सम्बोधन गर्नका लागि मधेशमा रहेका उच्च शैक्षिक संस्था, गैरसरकारी संस्था तथा अन्य संघसंस्थाहरूसँगको सहकार्यमा "मधेशका लागि शिक्षण" अभियान सञ्चालन गरिनेछ ।

७.२.१३. नयाँ नियुक्त भएका शिक्षकहरूका लागि शिक्षणमा प्रवेश गर्नु अघि अनिवार्य रूपमा सेवा प्रवेश तालिमको व्यवस्था गरिनेछ ।

मधेश प्रदेश सरकार शिक्षा तथा संस्कृति मन्त्रालय जनकपुरधाम, नेपाल



नि. प्रदेश सचिव

का. मु. प्रमुख सचिव

७.२.१४. शिक्षकहरूको कार्यसम्पादन मूल्याङ्कनलाई विद्यार्थीको सिकाइ उपलब्धी बृद्धिसँग जोडिनेछ । कार्यसम्पादन मूल्याङ्कनका आधारमा शिक्षकका लागि प्रोत्साहन पुरस्कार तथा दण्ड सजायको व्यवस्था गरिनेछ ।

७.२.१५. प्रत्येक ५ वर्षमा शिक्षकको दक्षता मूल्याङ्कन गरिनेछ।

७.२.१६. शिक्षण सीप, परियोजनामा आधारित शिक्षण र विषयवस्तुको ज्ञान अभिवृद्धि गर्नका लागि शिक्षकहरूको निरन्तर पेसागत विकासमा जोड दिइनेछ । यस अन्तर्गत सामुदायिक तथा संस्थागत विद्यालयमा कार्यरत शिक्षकका लागि प्रत्येक २ वर्षमा पुनर्ताजगी तालिमको व्यवस्था गरिनेछ । शिक्षकहरूको व्यावसायिक विकासमा सहयोग गर्न विद्यालयमा आधारित शिक्षक मेन्टरिङ र सहकर्मी शिक्षा कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

**नीति ७.३ शिक्षाको सान्दर्भिकता बढाउनका लागि स्थानीय पाठ्यक्रमको मापदण्ड तथा विभिन्न विषयमा नमूना पाठ्यक्रम तयार गरी लागू गर्नेः**

७.३.१. संघीय तथा स्थानीय तहहरूको समन्वय र सहकार्यमा स्थानीय भाषा र संस्कृतिमा आधारित भई स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तकको निर्माणमा सहयोग तथा सहजीकरण गर्नका लागि स्थानीय पाठ्यक्रमको मापदण्ड तयार गरिनेछ ।

७.३.२. मधेश प्रदेशको सभ्यता, संस्कृति, कला, इतिहास, भाषा र परम्परा लगायतका क्षेत्रमा विभिन्न स्थानीय भाषामा पाठ्य सामग्रीहरू निर्माण गरी स्थानीय पाठ्यक्रम अन्तर्गत प्रदान गर्ने व्यवस्था मिलाइनेछ ।

७.३.३. विद्यालय स्तरमा स्थानीय भाषा, संस्कृतिको सम्बर्द्धन र विकासका लागि विभिन्न कार्यमूलक अध्ययन-अनुसन्धान तथा स्थानीय सन्दर्भ सामग्रीहरूको प्रयोगलाई प्रोत्साहन गरिनेछ ।

**नीति ७.४ सामुदायिक विद्यालयको गुणस्तर अभिवृद्धि गरी आम जनमानसको विश्वास आर्जन गर्नका लागि हाल सञ्चालनमा रहेका सामुदायिक माध्यमिक विद्यालयहरूमध्येबाट पर्याप्त विद्यार्थी सङ्ख्या भएका र तोकिएको अन्य मापदण्ड पूरा गरेका विद्यालयहरूलाई नमूना माध्यमिक विद्यालयमा रूपान्तरण गर्ने तथा यस्ता विद्यालय मार्फत विज्ञान तथा प्रविधि शिक्षाको प्रवर्द्धन गर्नेः**

मधेश प्रदेश सरकार शिक्षा तथा संस्कृति मन्त्रालय जनकपुरधाम, नेपाल



नि. प्रदेश सचिव

का. मु. प्रमुख सचिव

७.४.१. मधेश प्रदेशका प्रत्येक प्रादेशिक निर्वाचन क्षेत्रमा तोकिएका मापदण्डअनुसार कम्तिमा एउटा प्रादेशिक नमूना विद्यालय स्थापना गरिनेछ ।

७.४.२. यस्ता नमूना विद्यालय मार्फत कक्षा ११-१२ मा विज्ञान तथा प्रविधि शिक्षाको अवसरलाई विस्तार गरिनेछ र विज्ञान तथा प्रविधि शिक्षाको शिक्षण-सिकाइलाई प्रवर्द्धन गरिनेछ ।

७.४.३. प्रादेशिक स्तरमा छनोट सम्बन्धी तोकिएका मापदण्ड पूरा गरेको कुनै एउटा विद्यालयलाई उत्कृष्ट शैक्षिक केन्द्रका रूपमा रूपान्तरण गरिनेछ । यस्तो विद्यालयमा आवासीय, पूर्ण र आंशिक छात्रवृत्तिको व्यवस्था सहित प्रदेशभरका जेहेन्दार, गरीब, सीमान्तकृत तथा विपन्न वर्ग/समुदायका छात्रछात्रालाई विशेष अवसर प्रदान गरिनेछ । प्रदेशको सार्वजनिक शिक्षालाई थप गुणस्तरीय बनाउनका लागि यस्तो विद्यालयले पथ प्रदर्शक विद्यालय (Demonstration School) को रूपमा नेतृत्वदायी भूमिका निर्वाह गर्ने कार्य गरिनेछ ।

नीति ७.५ **गुणस्तरीय सिकाइको जग मजवुत बनाउनका लागि सार्वजनिक विद्यालयमा प्रारम्भिक शिक्षा (कक्षा १-३) मा अध्ययनरत बालबालिकाका आधारभूत पठन तथा गणितीय सीपको प्रबर्द्धन गर्नेः**

७.५.१. प्रारम्भिक शिक्षा (कक्षा १-३) मा आधारभूत पठन तथा गणितीय सीपको प्रबर्द्धन गर्नका लागि प्रत्येक विद्यालयमा पुस्तकालय र बुक कर्नरको प्रवन्ध गरिनेछ । पुस्तकालय र बुक कर्नरमा उमेर तथा कक्षागत रुपमा उपयुक्त पुस्तक तथा पठन सामग्रीको व्यवस्था गरिनेछ र कक्षाकोठामा यस्ता सामग्रीको निरन्तर प्रयोगलाई प्रोत्साहन गरिनेछ ।

७.५.२. प्रदेशभित्र बोलिने विभिन्न मातृभाषामा सरल र बोलीचालीको भाषामा विभिन्न स्थानीय पाठ्यसामग्री निर्माण गरी यस्ता सामग्रीमार्फत बालबालिकाको आधारभूत पठन सीपको विकासमा जोड दिइनेछ ।

७.५.३. लक्षित समुदायका बालबालिकाहरू प्रारम्भिक कक्षादेखि नै सिकाइमा संलग्न रहेको सुनिश्चित गर्न समुदायमा आधारित सिकाइ कार्यक्रमहरूलाई बलियो बनाइनेछ ।

मधेश प्रदेश सरकार शिक्षा तथा संस्कृति मन्त्रालय जनकपुरधाम, नेपाल



नि. प्रदेश सचिव

का. मु. प्रमुख सचिव

७.५.४. शिक्षण-सिकाइमा विद्यार्थीका आलोचनात्मक सोच, समस्या समाधान, रचनात्मकतार सहकार्यमा जोड दिइनेछ ।

नीति ७.६ **विद्यार्थीको सिकाइ उपलब्धिको वास्तविक र वस्तुनिष्ठ परीक्षणका लागि परीक्षा तथा मूल्याङ्कन प्रणालीलाई सुदृढ, मर्यादित र विश्वसनीय बनाउने तथा विद्यार्थी मूल्याङ्कनबाट प्राप्त नतिजाको आधारमा शिक्षण सिकाइलाई थप प्रभावकारी बनाउन प्रयोग गर्ने:**

७.६.१. सबै तहमा सञ्चालन हुने परीक्षालाई निष्पक्ष र मर्यादित बनाइनेछ ।

७.६.२. स्थानीय तहमा सञ्चालन हुने आधारभूत तह (कक्षा ८) को परीक्षामा राष्ट्रिय परीक्षा बोर्डले विकास गरेका स्तरीकृत प्रश्नहरूको प्रयोगलाई प्रोत्साहन गरिनेछ । यसका लागि स्थानीय तहहरूको क्षमता विकासमा विशेष जोड दिइनेछ ।

७.६३. माध्यमिक तहको परीक्षा सञ्चालन तथा व्यवस्थापनका लागि प्रदेश परीक्षा बोर्डको स्थापना गरिनेछ । कक्षा १२ को परीक्षा फाराम बुझाउने क्रममा देखा परेका प्राविधिक समस्यालाई तत्काल सम्बोधन गरिनेछ ।

७.६.४. विद्यार्थीको सिकाइ उपलब्धी मापन गर्नका लागि पाठ्यक्रममा आधारित बेन्चमार्कहरू तय गरिनेछ र मधेशका विभिन्न क्षेत्र र विद्यालयहरूबीच तुलना गर्नका लागि प्रदेश स्तरको मूल्याङ्कन फ्रेमवर्क स्थापना गरिनेछ ।

७.६.५. शैक्षिक गुणस्तर परीक्षण केन्द्रसँगको सहकार्यमा विद्यार्थी उपलब्धी मापनको प्रदेशस्तरीय आवधिक परीक्षण गरिनेछ र यसको नतिजालाई शिक्षण सिकाइलाई थप प्रभावकारी बनाउन प्रयोग गरिनेछ ।

नीति ७.७ **विद्यालय शिक्षादेखि नै सीप र श्रमप्रति लगाव र सम्मान बढाउने तथा उच्च नैतिक चरित्र भएका उद्यमशील नागरिक विकास गर्ने:**

७.७.१. विद्यालय शिक्षा देखि नै सीप, श्रम र उद्यमशीलता प्रति लगाव र सम्मान बढाउन आधारभूत तथा माध्यमिक शिक्षामा विभिन्न किसिमका पूर्व-व्यावसायिक सीपहरू प्रवर्द्धन गर्नका लागि ***"पढ्दै, सिक्दै, कमाउँदै"*** जस्ता कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

७.७.२. विद्यालय शिक्षा देखि नै जीवन उपयोगी र आयआर्जन सम्बन्धी ज्ञान र सीप प्रदान गरिनेछ । विद्यालय परिसरको सरसफाइ तथा हरियाली प्रबर्द्धनमा विद्यार्थी तथा शिक्षकहरूलाई परिचालन गरिनेछ ।



नि. प्रदेश सचिव

का. मु. प्रमुख सचिव

७.७.३. नैतिक, योग आध्यात्म तथा मानव मूल्य लगायतका क्षेत्रमा विभिन्न पाठ्य तथा सचेतनामूलक सामग्रीहरू निर्माण गरी स्थानीय पाठ्यक्रम अन्तर्गत प्रदान गर्ने व्यवस्था मिलाइनेछ ।

७.७.४. किशोर किशोरी र युवाहरुलाई सृजनशील, उद्यमशील तथा पथप्रदर्शक बनाउनका लागि विद्यालय, स्थानीय तथा प्रदेशस्तरमा विभिन्न शैक्षिक सम्मेलन, प्रदर्शनी, सांस्कृतिक कार्यक्रम, खेलकुद, सामाजिक सेवा तथा गोष्ठी आयोजना गर्न गराउन आवश्यक सहजीकरण गरिनेछ ।

## (ख) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम

**नीति ७.८ प्राविधिक शिक्षाको विकास तथा नियमनका लागि प्रदेश प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्को गठन गर्ने:**

७.८.१. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमलाई प्रभावकारी बनाउनका लागि प्रदेश प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्को गठन गरिनेछ ।

७.८.२. व्यवसायिक तालिम र छात्रवृत्तिस सम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्ड निर्धारण गरिनेछ।

**नीति ७.९ प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमलाई मागमा आधारित तथा रोजगारमूलक बनाई मधेश प्रदेशलाई उत्कृष्ट प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको केन्द्रका रूपमा रूपान्तरण गर्ने:**

७.९.१. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिममा अवसर बृद्धि गर्नका लागि मधेश पोलिटेक्निक कलेज, सीप स्कूल तथा ट्रेड स्कूलहरूको स्थापना र सञ्चालन गरिनेछ । विभिन्न शैक्षिक योग्यता भएका बालबालिकाहरूलाई प्राविधिक शिक्षा तथा व्यावसायिक तालिममा अवसर प्रदान गरिनेछ ।

७.९.२. ग्रामीण क्षेत्रमा मागमा आधारित व्यावसायिक तालिम केन्द्रहरू स्थापना गरेर तथा माध्यमिक र उच्च शिक्षाका पाठ्यक्रममा सीपमा आधारित तालिमलाई एकीकृत गरेर प्राविधिक र व्यावसायिक शिक्षामा पहुँच विस्तार गरिनेछ ।

७.९.३. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिममा अवसर बृद्धि गर्नका लागि आवश्यकतामा आधारित छात्रवृत्ति तथा प्रोत्साहनको व्यवस्था गरिनेछ ।



मधेश प्रदेश सरकार शिक्षा तथा संस्कृति मन्त्रालय जनकपुरधाम, नेपाल

नि. प्रदेश सचिव

का. मु. प्रमुख सचिव

७.९.४. विभिन्न माध्यमबाट आर्जन गरेका सीपहरूको परीक्षण तथा प्रमाणीकरण गर्नका लागि राष्ट्रिय योग्यता प्रारूपमा आधारित उपयुक्त संयन्त्रको विकास गरिनेछ ।

**नीति ७.१० प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमलाई समयसापेक्ष, बजारमुखी तथा रोजगारमूलक बनाउने:**

७.१०.१.प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम अन्तर्गत फार्मेसी, खाद्य प्रशोधन, बायोमेडिकल इन्जिनियरिङ्ग लगायतका कोर्सहरू विकास गरी सञ्चालन गरिनेछ । यसका साथै यस्ता कोर्सहरूलाई मागको आधारमा समयसापेक्ष पूनरावलोकन तथा परिमार्जन गरिनेछ ।

७.१०.२.हाल विभिन्न विश्वविद्यालय तथा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्सँग सम्बन्धन प्राप्त निजी कलेजहरूलाई पनि नयाँ कोर्सहरू सञ्चालन गर्न सहयोग र सहजीकरण गरिनेछ ।

७.१०.३.व्यावसायिक कार्यक्रमहरूमा भर्ना भएका विद्यार्थीहरूका लागि इन्टर्नशिप लगायतका अवसरहरू उपलब्ध गराएर काममा आधारित सिकाइलाई बढावा दिइनेछ ।

७.१०.४.शिक्षा र रोजगारीबीचको खाडललाई कम गर्न पाठ्यक्रमलाई स्थानीय र राष्ट्रिय श्रम बजारको आवश्यकतासँग मिलाइनेछ ।

७.१०.५.शिक्षण प्रशिक्षण र व्यवसायिक विकास (शिक्षकहरूका लागि निरन्तर व्यावसायिक विकास) गर्न जोड दिइनेछ ।

**नीति ७.११ प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको विकास तथा कार्यान्वयनमा सार्वजनिक निजी साझेदारी प्रवर्द्धन गर्ने:**

७.११.१.विद्यालय शिक्षा तथा उच्च शिक्षा (post-secondary education) मा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको विकास तथा कार्यान्वयनमा सार्वजनिक निजी साझेदारी प्रवर्द्धन गरी यस्ता कार्यक्रमलाई थप प्रभावकारी बनाइनेछ ।

७.११.२.नेपाल उद्योग वाणिज्य महासंघ-मधेश प्रदेश र यसका जिल्ला च्याप्टरहरू, प्रदेशमा अवस्थित कलकारखाना/उद्योग र सम्बन्धित संघसंस्थाहरूसँगको साझेदारी तथा निजी क्षेत्रसँगको संस्थागत समझदारीमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमबाट उत्पादित जनशक्तिलाई स्थानीय स्तरमै इन्टर्नसिप र रोजगारीका अवसर प्रदान



मधेश प्रदेश सरकार शिक्षा तथा संस्कृति मन्त्रालय जनकपुरधाम, नेपाल

नि. प्रदेश सचिव

गरिनेछ। यसका साथै रोजगारदाताहरूलाई आवश्यक पर्ने सीप विकासका मोड्युलको विकास र आवश्यक जनशक्तिको प्रक्षेपण कार्यमा पनि उद्योग वाणिज्य महासंघ तथा निजी क्षेत्रसँग सहकार्य गरिनेछ ।

## (ग) उच्च शिक्षा

नीति ७.१२ **प्रादेशिक स्तरमा स्थापना भएका मधेश विश्वविद्यालय, मधेश कृषि विश्वविद्यालय तथा मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानको संस्थागत क्षमता अभिवृद्धि गरी विश्वस्तरीय, स्वायत्त शैक्षिक संस्थाका रूपमा सञ्चालन गर्नेः**

७.१२.१.प्रत्येक विश्वविद्यालयको पूर्ण सञ्चालनका लागि जग्गा व्यवस्थापन, भौतिक तथा शैक्षिक पूर्वाधार विकास, आवासीय सुविधा तथा योग्य र दक्ष शिक्षक व्यवस्थापनमा विशेष जोड दिइनेछ ।

७.१२.२. मधेश विश्वविद्यालय अन्तर्गत विश्वविद्यालयको संरक्षण र व्यवस्थापनमा विद्यालय सञ्चालन गरिनेछ । यस विद्यालयलाई शिक्षक तयारी कार्यक्रमको प्रयोग विद्यालयका रूपमा विकास गरिनेछ ।

७.१२.३. विश्वविद्यालयमा दक्ष तथा गुणस्तरीय जनशक्ति आपूर्ति गर्नका लागि एकीकृत विश्वविद्यालय सेवा आयोग गठन गरी प्रभावकारी व्यवस्थापन गरिनेछ।

नीति ७.१३ **प्रदेशस्तरमा स्थापित विश्वविद्यालयहरूमा मधेशको समृद्धिका लागि आवश्यक पर्ने विश्वस्तरीय कोर्सहरू विकास गरी प्रदान गर्नेः**

७.१३.१.मधेश प्रदेशका लागि आवश्यक पर्ने शैक्षिक जनशक्ति विकासका लागि मधेश विश्वविद्यालयमा विशिष्ठ किसिमको शिक्षक तयारी तथा विकास कार्यक्रम सञ्चालन गरिनेछ । यसका लागि मधेश विश्वविद्यालय अन्तर्गत एक माध्यमिक विद्यालयको पनि स्थापना गरिनेछ ।

७.१३.२.विश्वविद्यालयमा विश्वस्तरीय कोर्सहरू प्रदान गरिनेछ । विज्ञान तथा प्रविधि सम्बन्धी विषय (विशेष गरी आधुनिक कृषि र उद्योग प्रविधि) को विकास र प्रवर्द्धनमा जोड दिइनेछ। कृषिसम्बन्धी विकासका लागि मधेश कृषि विश्वविद्यालयलाई सवल बनाइनेछ ।

मधेश प्रदेश सरकार शिक्षा तथा संस्कृति मन्त्रालय जनकपुरधाम, नेपाल

का. मु. प्रमुख सचिव

७.१३.३.नितान्त प्राज्ञिक प्रकृतिका विषयहरूका अलावा छोटो अवधिका सीप प्रबर्द्धन कार्यक्रमहरू पनि विश्वविद्यालय मार्फत प्रदान गरिनेछ । श्रमिकलाई सम्मान दिने उद्देश्यले Dropout विद्यार्थीहरूलाई मानव पूँजी वनाउन विभिन्न माध्यमबाट आर्जन गरेको सीपहरूको परीक्षण तथा प्रमाणीकरण गरी राष्ट्रिय योग्यता प्रारुप (National Qualification Framework) अनुसार सीपयुक्त शिक्षा प्रदान गर्नका लागि मधेश विश्वविद्यालयमा सीप स्कूल (skill school) स्थापना तथा सञ्चालन गर्न आवश्यक प्रबन्ध गरिनेछ ।

७.१३.४.मैथिली, भोजपुरी, अवधी र संस्कृत लगायतका भाषाको संरक्षण र संबर्द्धन गर्न र पुरातात्त्विक महत्त्वका सम्पदाहरूको संरक्षण गर्नका लागि सो सम्बन्धी शैक्षिक कार्यक्रमहरू निर्माण गर्न उच्च शैक्षिक संस्थाहरूलाई प्रोत्साहन गरिनेछ ।

७.१३.५.बजार तथा रोजगारदाताका आवश्यकताहरूलाई सम्बोधन गर्नका लागि विश्वविद्यालयमा पढाइने सबै कोर्सहरूमा व्यावहारिक तथा कार्ययोजनाका अवयवहरू आवश्यकता अनुसार थप गरिनेछ ।

७.१३.६.प्रदेशस्तरमा स्थापित विश्वविद्यालय तथा उच्च शैक्षिक संस्थाहरूमा साधारण स्नातक तथा स्नातकोत्तर कार्यक्रमहरूको अतिरिक्त विद्यावारिधि र पोष्टडक्टरेट जस्ता अनुसन्धानमा आधारित कार्यक्रमहरू सुरु गरिनेछ । इन्जिनियरिङ्ग विधामा स्नातकोत्तर कार्यक्रमहरू सञ्चालन गरिनेछ । यस्ता कार्यक्रमहरूमा मधेश प्रदेशका विभिन्न क्याम्पस तथा विश्वविद्यालयमा अध्यापनरत शिक्षकहरूलाई सहुलियतपूर्ण प्राथमिकता दिइनेछ र उनीहरूको क्षमता विकासमा विशेष जोड दिइनेछ ।

७.१३.७.मधेश प्रदेशमा सञ्चालित विश्वविद्यालय तथा सामुदायिक क्याम्पसहरूलाई विश्विवद्यालय अनुदान आयोगले प्रदान गर्ने शैक्षिक गुणस्तर सुनिश्चितता तथा प्रत्यायन (quality assurance and accreditation) प्राप्त गर्न प्रोत्साहित गरिनेछ। यसका लागि उच्च शैक्षिक संस्थाहरूलाई प्रस्ताव लेखन, रणनीतिक योजना निर्माण, अनुसन्धान, तालिम, प्रकाशन लगायतका क्षेत्रमा सहयोग गरी क्षमता अभिवृद्धि गरिनेछ ।

**नीति ७.१४ मधेश प्रदेशमा अनुसन्धान तथा नवप्रवर्तन माथि विशेष जोड दिइ उत्कृष्ट शैक्षिक संस्था (center of excellence) हरूको विकास गर्ने:**

७.१४.१. उच्च शैक्षिक संस्थाहरूमा अध्ययनरत विद्यार्थीहरूमा अनुसन्धान र नवप्रवर्तन तथा उद्यमशीलताको विकास रप्रवर्द्धन गर्नका लागि मागमा आधारित इनक्युबेशन केन्द्र



मधेश प्रदेश सरकार शिक्षा तथा संस्कृति मन्त्रालय जनकपुरधाम, नेपाल

नि. प्रदेश सचिव

का. मु. प्रमुख सचिव

(Incubation Center) हरूको स्थापना गर्न आर्थिक तथा प्राविधिक सहयोग गरिनेछ।

७.१४.२. प्रदेशको समृद्धिसँग जोडेर विश्वविद्यालयहरू भित्र विशिष्ट प्रकृतिका अनुसन्धान केन्द्रहरूको स्थापना तथा सञ्चालन गरिनेछ ।

७.१४.३. विभिन्न संकायमा अध्यापनरत प्राध्यापक तथा अध्ययनरत विद्यार्थीहरूका लागि मागमा आधारित अनुसन्धान कोषको व्यवस्था गरिनेछ र प्राध्यापकहरूको वृत्ति विकासमा विशेष जोड दिइनेछ । यस अन्तर्गत कपिराइट, पेटेन्ट राइट, प्राज्ञिक लेखन र प्रकाशन प्रवर्द्धन गर्नका लागि सहयोग गरिनेछ ।

नीति ७.१५ **मधेश प्रदेशमा स्थापना र सञ्चालनमा रहेका उच्च शैक्षिक संस्थाहरूको प्राज्ञिक उन्नयनका लागि विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय उच्च शैक्षिक संस्था तथा कार्यक्रमहरूसँग सहकार्य र साझेदारी गर्ने:**

७.१५.१. विभिन्न उत्कृष्ट राष्ट्रिय तथा अन्तर्राष्ट्रिय उच्च शैक्षिक संस्था तथा कार्यक्रमहरूसँग सहकार्य र साझेदारी गर्नका लागि सहजीकरण गरिनेछ ।

७.१५.२. यस्ता साझेदारी मार्फत विद्यार्थी, शिक्षक तथा शिक्षण-सिकाइको आदान-प्रदानलाई प्रोत्साहन गरिनेछ ।

७.१५.३. मधेश प्रदेशमा सञ्चालित सामुदायिक क्याम्पसहरूलाई प्रादेशिक स्तरमा स्थापित उच्च शैक्षिक संस्थाहरूमार्फत प्राज्ञिक सहयोगको व्यवस्था गरिनेछ ।

७.१५.४. उच्च शिक्षामा अध्ययनरत विद्यार्थीहरूलाई मधेशको समृद्धिसँग जोडेर सामाजिक सेवाप्रति आकर्षित गरिनेछ ।

७.१५.५. उच्च शिक्षामा अध्ययनरत विद्यार्थीहरूलाई सामाजिक सेवाप्रति आकर्षित गर्नका लागि मधेश सेवा अभियान/कार्यक्रम सञ्चालन गरिनेछ ।

७.१५.६. प्रदेश स्तरमा उपलब्ध रोजगारी लगायतका अवसरमा मधेश सेवा अभियान / कार्यक्रम मार्फत सामाजिक सेवामा संलग्न भएका व्यक्तिहरूलाई पहिलो प्राथमिकता दिइनेछ ।

**(घ) अनौपचारिक शिक्षा, बैकल्पिक शिक्षा र जीवन पर्यन्त सिकाइ**

नीति ७.१६ **वि.सं. २०८५ भित्र सबै मधेश प्रदेशबासीलाई जीवनपर्यन्त सिकाइका अवसर प्रदान गरी मधेश प्रदेशलाई साक्षर प्रदेश बनाउने:**



मधेश प्रदेश सरकार शिक्षा तथा संस्कृति मन्त्रालय जनकपुरधाम, नेपाल

नि. प्रदेश सचिव

का. मु. प्रमुख सचिव

७.१६.१. विद्यालय तथा उच्च शिक्षामा अध्ययनरत हरेक विद्यार्थीले आफ्नो घर परिवार, टोल र समुदायमा रहेका निरक्षर व्यक्तिहरूलाई साक्षर बनाउने अभियान (each one teach one campaign) सञ्चालन गरी निरक्षरता उन्मूलन गरिनेछ ।

७.१६.२. न्यून साक्षरता दर भएका जाति तथा सामाजिक समूहहरूको साक्षरता वृद्धिका लागि घुम्ती साक्षरता शिविर लगायतका विशेष साक्षरता अभियान सञ्चालन गरिनेछ ।

**नीति ७.१७ सबै मधेश प्रदेशवासीहरूलाई जीवनपर्यन्त सिकाइका अवसरहरू सुनिश्चित गर्ने:**

७.१७.१. सबै मधेश प्रदेशवासीहरूलाई आधारभूत डिजिटल साक्षरता सीप हासिल गर्न प्रोत्साहित गरिनेछ ।

७.१७.२. विभिन्न किसिमका शिविरको सञ्चालन र स्वयंसेवक प्रशिक्षकको परिचालन गरेर समुदायमा आधारित योग, आध्यात्मिक तथा नैतिक शिक्षा प्रबर्द्धन गरिनेछ ।

७.१७.३. साक्षरता तथा जीवनपर्यन्त सिकाइका अवसरहरू सुनिश्चित गर्नका लागि सामुदायिक पुस्तकालय तथा सामुदायिक सिकाइ केन्द्रको स्थापना र सबलीकरण गरिनेछ । सामुदायिक पुस्तकालय तथा सामुदायिक सिकाइ केन्द्रलाई दिइने अनुदानलाई साक्षरता र जीवनपर्यन्त सिकाइ प्रबर्द्धन गर्न तिनले खेलेको भूमिका र नतिजासँग आबद्ध गरिनेछ ।

७.१७.४. प्रदेशका विभिन्न स्थानमा प्रादेशिक पुस्तकालय तथा संग्रहालयको स्थापना गरी मधेश प्रदेशको सभ्यता, संस्कृति, कला, भाषा तथा स्थानीय रैथाने ज्ञानको व्यवस्थापन र संरक्षण गरिनेछ ।

## (ङ) शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोग

**नीति ७.१८ विद्यार्थीको सिकाइ उपलब्धी, शैक्षिक गुणस्तर अभिवृद्धि तथा शैक्षिक संस्थाको व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई विस्तार गर्ने:**

७.१८.१. सबै शैक्षिक संस्थाहरूमा सूचना तथा सञ्चार प्रविधिका आधारभूत संरचना तथा उपकरणको प्रबन्ध गरिनेछ र शिक्षण सिकाइमा तिनको प्रयोगलाई प्रोत्साहन गरिनेछ । यसका लागि शिक्षक तथा विद्यार्थीको क्षमता विकास गरिनेछ । डिजिटल शैक्षिक स्रोत सामग्रीहरूमा शिक्षक र विद्यार्थीहरूको पहुँच तथा तिनको उचित प्रयोग गर्नका लागि उनीहरूको क्षमता विस्तार गरिनेछ ।

मधेश प्रदेश सरकार शिक्षा तथा संस्कृति मन्त्रालय जनकपुरधाम, नेपाल



नि. प्रदेश सचिव

प्र. मु. प्रमुख सचिव

७.१८.२. प्रदेश स्तरमा सूचना तथा सञ्चार हब (ICT hub) स्थापना गरी डिजिटल शैक्षिक स्रोत सामग्रीहरूको निर्माण तथा संकलन गर्नेतथा विभिन्न विषयका नमूना पाठ निर्माण गरी विषयगत शिक्षक नभएका विद्यालयमा तिनको प्रयोगमार्फत शिक्षण सिकाइलाई निरन्तरता दिइनेछ ।

नीति ७.१९ **प्रदेशका विद्यार्थीहरूका लागि अनलाइन पाठ, अध्ययन सामग्री र अन्तरक्रियात्मक सिकाइ अनुभवहरू प्रदान गर्ने ई-लर्निङ प्लेटफर्महरूको स्थापना र प्रवर्द्धन गर्ने:**

७.१९.१. विशेष गरी ग्रामीण क्षेत्रमा रहेका शैक्षिक संस्थाहरूमा इन्टरनेट जडान तथा क्षमता विस्तार गर्न, अनलाइन शिक्षालाई सहज बनाउन निजी क्षेत्र, दूरसञ्चार प्रदायक संस्थाहरू र गैरसरकारी संस्थाहरूसँग सहकार्य गरिनेछ ।

७.१९.२. शिक्षण-सिकाइ प्रक्रियालाई सुदृढ गर्न शैक्षिक संस्थाहरूलाई कम्प्युटर, प्रोजेक्टर र इन्टरनेट जडानले सुसज्जित गर्दै लगिनेछ ।

## (च) शिक्षामा समता र समावेशीकरण

नीति ७.२०. **मधेसमा बसोवास गर्ने दलित, मुस्लिम, महिला, अनाथ, बालश्रमिक, कारागरमा रहेका, जन्मदर्ता नभएका तथा अपाङ्गता भएका बालबालिकाको शिक्षामा पहुँच, सहभागिता, निरन्तरता तथा सिकाइ उपलब्धी वृद्धि गर्नका लागि विशेष कार्यक्रम सञ्चालन गर्ने:**

७.२०.१. डोम, मुसहर, चमार, दुसाध र हलखोर जस्ता सीमान्तकृत जातिका बालबालिकाहरूलाई लक्षित गरी दलित शिक्षा अभियान सञ्चालन गरिनेछ ।

७.२०.२. न्यूनतम सिकाइ उपलब्धी हासिल नगरेका बालबालिकाको सिकाइ आपूरण तथा उपलब्धी बृद्धि गर्नका लागि विद्यालय र समुदायमा आधारित सिकाइ शिविरहरू सञ्चालन गरिनेछ ।

७.२०.३. "मुख्यमन्त्री बेटी पढाऊ, बेटी बचाऊ" अभियानलाई थप प्रभावकारिताका साथ विस्तार गरिनेछ।

७.२०.४. अपाङ्गता भएका बालबालिकाहरूको शिक्षाको लागि विशेष प्रबन्ध गरिनेछ। यस अन्तर्गत अपाङ्गता भएका विद्यार्थीहरूका लागि आवासीय विद्यालयको स्थापना गरिनेछ । सबै शैक्षिक संस्थाहरूमा विशेष सिकाइ सामग्रीहरू, अनुकूलन शिक्षण विधिर पहुँच योग्य पूर्वाधारहरू प्रदान गर्ने समावेशी शिक्षा नीति लागू गरिनेछ ।

मधेश प्रदेश सरकार शिक्षा तथा संस्कृति मन्त्रालय जनकपुरधाम, नेपाल



नि. प्रदेश सचिव

का. मु. प्रमुख सचिव

७.२०.५. छात्रा तथा आर्थिक रूपमा विपन्न विद्यार्थीहरूका लागि निःशुल्क पाठ्यपुस्तक, पोशाक र अन्य आवश्यक आपूर्तिहरू उपलब्ध गराइनेछ ।

७.२०.६. विद्यालय र उच्च शिक्षा संस्थाहरूमा सुरक्षित र लैङ्गिकमैत्री शौचालय तथा अन्य सुविधा उपलब्ध गराइनेछ ।

७.२०.७. सबै स्थानीय तह तथा विद्यालय तहमा सुरक्षित सिकाइ वातावरण सिर्जना गर्दै बालिका, अपाङ्गता भएका र सीमान्तकृत समुदायका बालबालिकाको शिक्षामा पहुँच, सहभागिता र निरन्तरता सुधार गर्नका लागि स्थानीय तह तथा विद्यालय स्तरमा बालिका र समावेशी शिक्षा सञ्जालको गठन र परिचालनमा जोड दिइनेछ ।

**नीति ७.२१ उच्च शिक्षामा समतामूलक सहभागिता वृद्धि गर्नेः**

७.२१.१. कक्षा ११-१२ तथा उच्च शिक्षामा विज्ञान तथा प्रविधिसम्बन्धी विषय अध्ययन गर्न चाहने आर्थिक र सामाजिक रूपले विपन्न वर्गका बालबालिका तथा महिलाहरूका लागि आवासीय सुविधा, छात्रवृत्ति लगायत विशेष व्यवस्था गरिनेछ ।

७.२१.२. सहर केन्द्रित उच्च शिक्षाको अवसरवाट लाभान्वित हुन नसकेका आर्थिक र सामाजिक रूपले विपन्न वर्गका बालबालिकाहरूलाई उच्च शिक्षाको अवसरवाट लाभान्वित गराउन आवासीय सुविधा, छात्रवृत्ति लगायत विशेष व्यवस्था गरिनेछ ।

७.२१.३. उच्च शिक्षामा न्यून सहभागिता भएका जाति/समुदायका विद्यार्थीका लागि तोकिएका कार्यक्रममा आरक्षणको नीति अबलम्बन गरिनेछ र यसरी आरक्षण प्राप्त गरेका विद्यार्थीले प्रदेश सरकारले तोकेको स्थान तथा क्षेत्रमा आवश्यक सेवा प्रदान गर्नु पर्नेछ ।

**(छ) शिक्षाको सुशासन तथा संस्थागत व्यवस्थापन**

**नीति ७.२२ मधेश प्रदेश अन्तर्गतका सबै स्थानीय तहहरूमा विद्यालय शिक्षाको सेवा प्रवाहका लागि आवश्यक योग्य र दक्ष जनशक्तिको सुनिश्चितता गर्नेः**

७.२२.१. विश्वविद्यालयका प्राध्यापक र अन्य पदाधिकारी, विद्यालयका शिक्षक, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, प्रधानाध्यापक, स्थानीय तहका शिक्षा अधिकृत/अधिकारी/कर्मचारी तथा प्रदेशमा कार्यरत पदाधिकारीहरूको शैक्षिक र प्रशासनिक क्षमता विकास गर्न तथा प्रदेश स्तरमा शैक्षिक गुणस्तर र अनुसन्धान



मधेश प्रदेश सरकार शिक्षा तथा संस्कृति मन्त्रालय जनकपुरधाम, नेपाल

नि. प्रदेश सचिव

प्रवर्द्धन गर्नका लागि हाल भएको शिक्षा तालिम केन्द्रलाई पुनर्संरचना गरीप्रदेश मानव स्रोत विकास केन्द्रको स्थापना गरिनेछ।

७.२२.२. मधेश प्रदेश स्तरीय विश्वविद्यालयहरूमा अनुसन्धान तथा प्रशिक्षण केन्द्रहरुको रुपमा विकास र व्यवस्थापन गरिनेछ ।

७.२२.३. नीजि स्तरमा सञ्चालित विद्यालय तथा क्याम्पसहरुको सञ्चालन र व्यवस्थापनमा अभिभावक तथा समुदायको सहभागिता बढाइनेछ ।

७.२२.४. स्थानीय तहको शिक्षा शाखा/महाशाखा तथा प्रदेश तहमा शिक्षासम्बन्धी आवश्यक दरबन्दी तथा पदपूर्तिको सुनिश्चितता गरिनेछ ।

नीति ७.२३ **शैक्षिक उन्नयनका लागि मधेश प्रदेशमा सञ्चालित सबै प्रकारका शैक्षिक संस्थाहरूको कार्यसम्पादन मूल्याङ्कन गर्ने तथा प्रदेशले प्रदान गर्ने शैक्षिक अनुदानलाई कार्यसम्पादनको नतिजासँग आवद्ध गर्ने:**

७.२३.१. विभिन्न प्रकारका शैक्षिक संस्थाहरूको कार्यसम्पादन मूल्याङ्कनका लागि आवश्यक पर्ने स्वमूल्याङ्कन फाराम तथा बाह्य मूल्याङ्कन फाराम तथा संयन्त्रको विकास गरिनेछ । यस्तो कार्यसम्पादन मूल्याङ्कनमा सबै शैक्षिक संस्थाहरूलाई आबद्ध गराइनेछ ।

७.२३.२. कार्यसम्पादन मूल्याङ्कनको नतिजालाई सार्वजनिक गरिनेछ साथै उत्कृष्ट नतिजा हासिल गर्ने शैक्षिक सँस्थाहरूलाई प्रोत्साहन पुरस्कारको व्यवस्था गरिनेछ ।

७.२३.३. स्थानीय तहमा शिक्षाका असल अभ्यासहरू आदानप्रदान गर्नका लागि वार्षिक रुपमा मधेश शैक्षिक सम्मेलनको आयोजना गरिनेछ ।

७.२३.४. शिक्षा डाटा प्रणाली मार्फत शिक्षाका सूचकहरूको संकलन, विश्लेशण र रिपोर्टिङ्ग गरी प्रमाणमा आधारित स्रोतको बाँडफाँड, शिक्षक, पाठ्यक्रम समायोजन र अन्य महत्त्वपूर्ण शिक्षाका विषयसँग सम्बन्धित निर्णयहरु गरिनेछ ।

७.२३.५. प्रादेशिक विश्वविद्यालयहरूले वार्षिक कार्ययोजना प्रत्येक वर्षको शुरूमा शिक्षा तथा संस्कृति मन्त्रालयमा पेश गर्नुपर्ने छ । त्यसैगरी प्रादेशिक विश्वविद्यालयहरूले आवधिक प्रगति प्रतिवेदन शिक्षा तथा संस्कृति मन्त्रालयमा पेश गर्नुपर्नेछ, जसमा

अनुसन्धान, अनुसन्धानको प्रभाव मुल्याङ्कन, श्रेणी, अध्ययन अध्यापनमा प्रयोग गरेको विधि, त्यसको उपलब्धि समेत समावेश हुनेछन् ।

७.२३.६. प्रत्येक प्रादेशिक विश्वविद्यालयका पदाधिकारी, प्राध्यापक तथा कर्मचारीको कार्यसम्पादन मुल्याङ्कन अनलाइन राख्ने व्यवस्था अवलम्वन गरिनेछ ।

**नीति ७.२४ प्रदेश शिक्षा नीतिको कार्यान्वयनका लागि आवश्यक कानूनी तथा व्यवस्थापकीय प्रवन्ध गर्ने:**

७.२४.१. प्रदेश शिक्षा नीतिको कार्यान्वयनका लागि प्रदेश शिक्षा ऐन लगायतका कानूनी प्रबन्धको तर्जुमा गरी कार्यान्वयन गरिनेछ । प्रदेशस्तरको विश्वविद्यालय, उच्चशिक्षा तथा छात्रवृत्ति सम्बन्धी नीति, कानून तथा मापदण्ड तयार गरिनेछ । त्यसैगरी प्रदेशको पाठ्यक्रम र गुणस्तरको खाका बनाई लागू गरिनेछ ।

७.२४.२. प्रदेश शिक्षा नीतिको कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कनका लागि शिक्षा तथा संस्कृति मन्त्रालय अन्तर्गत शिक्षा मन्त्रीको अध्यक्षतामा एक उच्चस्तरीय संयन्त्रको स्थापना गरिनेछ ।

**नीति ७.२५ शिक्षामा पारदर्शिता, जवाफदेहिता र सदाचारितालाई प्रोत्साहन/प्रबर्द्धन गरी शिक्षा क्षेत्रमा सुशासनको प्रत्याभूति गर्ने:**

७.२५.१. सबै शैक्षिक संस्थाहरूमा सामाजिक परीक्षण, लेखा परीक्षण लगायतका कार्य नियमित रूपमा गर्ने गराउने प्रवन्ध मिलाइनेछ ।

७.२५.२. विद्यालय शिक्षा, उच्च शिक्षा लगायतमा हुने विभिन्न किसिमका अनियमिततालाई न्यून गर्नका लागि भ्रष्टाचारप्रति शून्य सहनशीलताको नीति अवलम्बन गरिनेछ ।

७.२५.३. महालेखा परीक्षक, अख्तियार दुरुपयोग अनुसन्धान आयोग लगायतका प्रतिवेदनहरूले औंल्याएका जोखिमहरूलाई कम गर्नका लागि विद्यालय तथा स्थानीय तहहरूको सार्वजनिक वित्त व्यवस्थापन सम्बन्धी क्षमता अभिवृद्धि गरिनेछ ।

## ८. मधेश प्रदेशको शिक्षा नीतिको कार्यान्वयनका लागि स्रोत व्यवस्थापन

यस नीतिको सघन कार्यान्वयनका लागि पूर्वाधार विकास, शिक्षक तालिम, सिकाइ सामग्री र डिजिटल पहुँच जस्ता प्राथमिकता प्राप्त कार्यहरूका लागि स्रोत सुनिश्चित गर्दै शिक्षामा प्रादेशिक बजेटको हिस्सा बृद्धि गरिनेछ । स्रोत विनियोजन आवश्यकतामा आधारित हुनेछ । शैक्षिक



मधेश प्रदेश सरकार शिक्षा तथा संस्कृति मन्त्रालय जनकपुरधाम, नेपाल

नि. प्रदेश सचिव

का. मु. प्रमुख सचिव

संस्था र समुदायका विशिष्ट शैक्षिक आवश्यकताहरूलाई सम्बोधन गर्न विशेष ध्यान पुर्याइनेछ।

८.१. यस नीतिमा उल्लिखित विद्यालय शिक्षासम्बन्धी सबै कार्यक्रमहरू स्थानीय सरकारहरूसँगको सघन समन्वय र साझेदारीमा सञ्चालन गरिनेछन् ।

८.२. मधेश प्रदेशले शिक्षामा लगानी बृद्धि गर्दै लैजानेछ र प्रदेशको वार्षिक बजेटको २० प्रतिशतसम्म शिक्षामा विनियोजन गर्नेछ ।

८.३. संघीय सरकार मार्फत शिक्षाका लागि प्रदेश तथा स्थानीय तहहरूले प्राप्त गर्ने सशर्त अनुदानलाई लचिलो बनाउनका लागि आवश्यक पहल गरिनेछ ।

८.४. विभिन्न सरकारी, निजी तथा राष्ट्रिय र अन्तर्राष्ट्रिय संघसंस्थाहरूसँग समन्वय र सहकार्य गरी दोहोरोपना हटाउने गरी आवश्यक पर्ने लगानी एकीकृत तथा प्रभावकारी रूपमा परिचालन गरिनेछ।

८.५. शिक्षामा वित्तीय विविधीकरण र सेवा प्रवाहमा सुधार गर्न निजी क्षेत्रलाई प्रोत्साहन गरिनेछ साथै सार्वजनिक निजी साझेदारीमार्फत शैक्षिक पूर्वाधार, शिक्षक तालिम, डिजिटल सिकाइ प्लेटफर्म र व्यावसायिक शिक्षामा लगानी गर्न निजी क्षेत्रलाई प्रोत्साहन गरिनेछ । निजी क्षेत्रलाई सामाजिक उत्तरदायित्व वहन गर्ने क्रममा शैक्षिक पूर्वाधारको विकासमा लगानी गर्न अभिप्रेरित गरिनेछ ।

८.६. शैक्षिक संस्थाहरूको पूर्वाधार विकासमा स्थानीय सरकारहरूसँग समपूरक अनुदान (matching grants) को अवधारणा लागू गरिनेछ।

८.७. नीति कार्यान्वयन गर्नका लागि कम्तिमा पनि पाँच वर्षका लागि कार्ययोजना बनाइनेछ र सोका लागि आवश्यक पर्ने स्रोतको आंकलन गरिनेछ।

## ९. शिक्षा नीतिको कार्यान्वयनका लागि भूमिका र जिम्मेवारी

प्रदेश र स्थानीय सरकार, शैक्षिक संस्था र विभिन्न सरोकारवालाहरूको भूमिकालाई परिभाषित गर्दै शिक्षा नीतिको कार्यान्वयनमा सबैको स्पष्ट भूमिका र जिम्मेवारीहरू स्थापित गरिनेछ ।

९.१ **प्रदेश सरकार:** प्रादेशिक विकास लक्ष्यहरूसँग सामञ्जस्यता सुनिश्चित गर्दै शिक्षा नीतिको समग्र कार्यान्वयनको नेतृत्व गर्ने तथा शैक्षिक संस्था र स्थानीय सरकारहरूलाई बजेट, स्रोत र प्राविधिक सहयोग विनियोजन गर्ने ।



मधेश प्रदेश सरकार शिक्षा तथा संस्कृति मन्त्रालय जनकपुरधाम, नेपाल

नि. प्रदेश सचिव

का. मु. प्रमुख सचिव

९.२ **स्थानीय सरकार:** स्थानीय तहमा नीति कार्यान्वयनका लागि पहलगर्ने, स्थानीय आवश्यकता पूरा गर्न बजेट, स्रोत र प्राविधिक सहयोग व्यवस्थापन लगायत विद्यालयको कार्यसम्पादनको अनुगमन गर्ने र शैक्षिक व्यवस्थापनमा स्थानीय समुदायको सहभागिता बढाउने ।

९.३ **शैक्षिक संस्था:** पाठ्यक्रम कार्यान्वयन गर्ने, गुणस्तरीय शिक्षा प्रदान गर्ने, शिक्षकहरूलाई व्यावसायिक विकासका अवसरहरूमा सहभागी गराउने तथा अनुसन्धान र नवीनताको संस्कृतिलाई बढावा दिने ।

९.४ **सरोकारवालाहरू:** शिक्षा नीति तथा कार्यक्रमहरूको कार्यान्वयनमा सहयोग गर्न स्थानीय समुदाय, नागरिक समाज र निजी क्षेत्रसँग सहकार्य गर्ने । शिक्षाको वकालत गर्ने र प्रदेशमा शैक्षिक प्रगतिको महत्वबारे चेतना जगाउने ।

## १०. शिक्षा नीतिको कार्यान्वयन, अनुगमन र मूल्याङ्कन संयन्त्र

शिक्षा नीतिको प्रभावकारी र पूर्ण कार्यान्वयन तथा सोको मूल्याङ्कन गर्न प्रदेश स्तरमा एक वृहत् अनुगमन र मूल्याङ्कन प्रणालीको स्थापना गरिनेछ । यस अन्तर्गत एक प्रादेशिक शिक्षा समितिको गठन गरिनेछ । प्रदेश शिक्षा विकास निर्देशनालयको भूमिका स्पष्ट गरिनेछ। स्थानीय तहहरूसँग समन्वय गर्नका लागि छुट्टै संयन्त्रको स्थापना गरिनेछ । त्यसैगरी निजी क्षेत्र तथा विभिन्न संघसंस्थाहरूसँग आवश्यक समन्वय र सहकार्य गर्नका लागि छुट्टै संयन्त्रको स्थापना गरिनेछ ।

१०.१ **सूचक विकास:** पहुँच, गुणस्तर, समतार सुशासन जस्ता क्षेत्रहरूमा प्रगति मूल्याङ्कन गर्नका लागि मापनयोग्य सूचकहरूको विकास गरिनेछ तथा हाल उपलब्ध सूचकहरूलाई प्रयोग गरिनेछ ।

१०.२ **प्रगति प्रतिवेदन:** शैक्षिक नतिजा, शिक्षकको कार्यसम्पादन र सिकाइ उपलब्धिबारे सूचना/तथ्याङ्क सङ्कलन गर्न व्यवस्थित रिपोर्टिङ प्रक्रिया लागू गरिनेछ । प्रतिवेदन वार्षिक रूपमा तयार गरिनेछ र सरोकारवालाहरूसँग साझा गरिनेछ ।

१०.३ **सुझावसंकलन संयन्त्र:** नीति कार्यान्वयन माथि सुझाव प्रदान गर्न शिक्षक, विद्यार्थी, अभिभावक र स्थानीय समुदाय लगायत सरोकारवालाहरूका लागि उपयुक्त संयन्त्रको स्थापना गरिनेछ ।

मधेश प्रदेश सरकार शिक्षा तथा संस्कृति मन्त्रालय जनकपुरधाम, नेपाल



नि. प्रदेश सचिव

का. मु. प्रमुख सचिव

१०.४ **नीति समीक्षा:** शिक्षा नीति कार्यान्वयनको आवधिक समीक्षा/मूल्याङ्कन गरिनेछ र उक्त नतिजाका आधारमा नीतिमा आवश्यक पूनरावलोकन गरिनेछ ।

****

मधेश प्रदेश सरकार शिक्षा तथा संस्कृति मन्त्रालय जनकपुरधाम, नेपाल



नि. प्रदेश सचिव